अत्यन्त जरुरी

नेपाल सरकार

# अर्थ मन्त्रालय

(प्रशासन महाशाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः- २०७९/८०

च. नं.:- ९२६३

मितिः २०७९।१०।२३

**विषयः- सेवाकालीन तालिम सम्बन्धमा।**

श्री महाशाखा, सबै, अर्थ मन्त्रालय।
श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट।
श्री भन्सार विभाग, त्रिपुरेश्वर, काठमाडौं।
श्री सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र, हरिहरभवन।
श्री सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, नक्साल।

प्रस्तुत विषयमा सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्रको प.सं. २०७९/८०, च.नं. ३११, मिति २०७९/१०/२२ को पत्रबाट तालिम केन्द्रको स्वीकृत वार्षिक कार्यक्रम बमोजिम सार्वजनिक वित्त व्यवस्थापन सम्बन्धी राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिवस्तरीय (नेपाल प्रशासन सेवा राजस्व र लेखा समूह तथा नेपाल लेखापरीक्षण सेवा) सेवाकालीन तालिम कार्यक्रम मिति २०७९/११/१० देखि २०७९/१२/२० सम्म भौतिक रूपमा सञ्चालन हुने भएकोले उक्त सेवाकालीन तालिममा सहभागिताका लागि नेपाल प्रशासन सेवा, राजस्व समूहका राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृत कर्मचारीहरू १२ जना मनोनयन गरी पठाइदिनका लागि अनुरोध भई आएको छ। ताँहा महाशाखा/विभाग/तालिमकेन्द्र/कार्यालय र अन्तर्गत निकायमा कार्यरत कर्मचारीहरूमध्येबाट प्रचलित कानूनबमोजिम बढुवाको लागि सम्भाव्य उमेद्वार हुन योग्यता पुगेका ज्येष्ठ/इच्छुक राजपत्राङ्कित द्वितीय श्रेणीका कर्मचारीहरूको नामावली मनोनयनको लागि सिफारिस गरि मिति २०७९।११।०१ गते भित्र यस महाशाखामा आइपुग्ने गरी उपलब्ध गराइदिनुहुन आदेशानुसार अनुरोध छ।

(कुल प्रसाद शर्मा)
शाखा अधिकृत

**बोधार्थ/कार्यार्थः-**

श्री सूचना प्रविधि शाखा, अर्थ मन्त्रालयः- सेवाकालीन तालिम सम्बन्धमा सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्रबाट प्राप्त सूचना मन्त्रालयको वेवसाईटमा राखिदिनुहुन ।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७

नेपाल सरकार
अर्थ मन्त्रालय
सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र
हरिहरभवन, ललितपुर

फोन नं. ५०१०३०७
फ्याक्स ५०१०३०३
ईमेल :info@pfmtc.gov.np

६२०९
१०|२३

जरुरी

प.स. : २०७९/८०
च.नं. ३११

मिति:- २०७९/१०/२२

विषय: सेवाकालीन तालिममा प्रशिक्षार्थी मनोनयन गरी पठाइदिने सम्बन्धमा।

श्री अर्थ मन्त्रालय,
प्रशासन महाशाखा,
सिंहदरवार, काठमाडौं।

यस तालिम केन्द्रको आर्थिक वर्ष २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम सार्वजनिक वित्त व्यवस्थापन सम्वन्धी राजपत्रांकित द्वितीय श्रेणी, उपसचिवस्तरीय (राजस्व र लेखा समूह र लेखापरीक्षण सेवा) सेवाकालीन तालिम कार्यक्रम मिति २०७९/११/१० गतेदेखि २०७९/१२/२० गतेसम्म (३२ कार्य दिन) भौतिक रुपमा सञ्चालन हुने भएकाले उक्त सेवाकालीन तालिममा तहाँ मन्त्रालय र अन्तरगत विभाग/कार्यालयमा कार्यरत नेपाल प्रशासन सेवा, राजस्व समूहका राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृत कर्मचारीहरु १२ जना मनोनयन गरी मिति २०७८/११/०५ गतेसम्ममा यस केन्द्रमा प्राप्त हुनेगरी देहायबमोजिमको विवरणसहित नामावली पठाइदिनु हुन मिति २०७८/१०/२२ को निर्णयानुसार अनुरोध छ।

**तालिम कार्यक्रम सम्बन्धी विवरणः**

१. तालिम हुने स्थानः सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र, हरिहरभवन, ललितपुर।

२. तालिम सञ्चालन हुने अवधिः मिति २०७९/११/१० गतेदेखि २०७९/१२/२० गतेसम्म।

३. तालिम सञ्चालन हुने समयः विहान ८:०० बजेदेखि अपरान्ह १:४० बजेसम्म।

४. सहभागी संख्याः ३० जना

**प्रशिक्षार्थी मनोनयनको विवरण विवरणः**

| सि.नं. | पद | प्रशिक्षार्थीको नाम | | कर्मचारी संकेत नं. | इमेल आई डी | मोबाइल नं. | कार्यालय |
|---|---|---|---|---|---|---|---|
| | | नेपालीमा | अंग्रेजीमा | | | | |
| १. | | | | | | | |

श्री प्रशासन शाखा
कार्यान्वयनको लागि जानकारी
२/२३
१०/२२

(युवराज आचार्य)
वरिष्ठ प्रशिक्षक